सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ८ ♦ अंक ३५५ ♦ २०८२ साल साउन २४ गते शनिवार ♦ 9 Aug 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

## सर्लाहीमा बस दुर्घटना हुँदा १८ जना घाइते

**खबर दर्पण समाचारदाता**
**साउन २३ गते, बर्दिबास**

पूर्वपश्चिम राजमार्गस्थित सर्लाहीको ईश्वरपुरमा बस दुर्घटना हुँदा १८ जना यात्रु घाइते भएका छन् ।

शुक्रबार साँझ जनकपुरबाट मलङ्वा आउँदै गरेको ग१ख ९४९४ नम्बरको यात्रीबस ईश्वरपुर नगरपालिका-४ लच्का नजिकै दुर्घटनामा परेको हो ।

जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक रजोश घिमिरेका अनुसार दुर्घटनामा परेर बसमा सवार १८ जना यात्रु घाइते भएका छन् ।

दुर्घटनामा धनुषा हन्सपुर नगर पालिका-२ का २८ वर्षीय उदित साह, क्षीरेश्वरनाथ नगर पालिका-५ का २७ वर्षीया चन्दादेवी साह, सबैला नगर पालिका-२ का ३८ वर्षीय हरि शङ्कर साह, मिथिला नगर पालिका-१ का ३५ वर्षीया मन्जुकुमारी महतो, उहाँका १० वर्षीय छोरा आशिषकुमार र पाँच वर्षीय शुसनकुमार घाइते भएका छन् ।

यस्तै सोही दुर्घटनामा परेर सर्लाही कविलासी नगर पालिका-८ का ६८ वर्षीय रामपुकार मुखिया, सोही स्थानका २५ वर्षीया सुमित्रादेवी महतो, मलङ्वा नगरपालिका-१२ का ४५ वर्षीया जतारन महतो, ६५ वर्षीया सखिया महतो, लालबन्दी नगर पालिकाका २४ वर्षीया रेणुका गौतम, कबिलासी नगरपालिका-३ का ३३ वर्षीया मुनिका कुमारी शर्मा, सोही स्थान बस्ने २४ वर्षका धिरजकुमार ठाकुर, हरिपुर नगरपालिका-७ का ३० वर्षीया बिर्जना सिंह, हरिपुर नगर पालिका-९ का ४५ वर्षीया रीता चौधरी घाइते भएका छन् ।

दुर्घटनामा महोत्तरी जिल्लाको बर्दिबास नगरपालिका-७ का ३९ वर्षीया कमलाकुमारी महतो, उनका छोरा १४ वर्षीय आशिषकुमार महतो र बर्दिबास नगरपालिका-१का चार वर्षीया श्रृषा पोखेल घाइते भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा परेका घाइतेको मोडेल अस्पताल लालबन्दी, नवलपुरस्थित सर्लाही लाइफलाइन अस्पताल र शुभस्वतिक अस्पताल बर्दिबासमा उपचार भइरहेको हो । उनीहरु सबैको अवस्था खतरामुक्त रहेको अस्पताल स्रोतलाई उद्धृत गर्दै प्रहरी निरीक्षक घिमिरेले जानकारी दिए । सवारी र चालकलाई नियन्त्रणमा लिएर प्रहरीले अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका निमित्त प्रवक्ता बलिष्ठर सिंहले जानकारी दिए ।

## मधेसमा ७२ प्रतिशत धान रोपाइँ



**खबर दर्पण समाचारदाता**
**साउन २३ गते, बर्दिबास**

पछिल्लो एक हप्तादेखिको लगातारको वर्षापछि मधेस प्रदेशमा धान रोपाइँ बढेको छ ।

पानी पर्याप्त भएपछि शुक्रबार सम्म ७२ प्रतिशत धान रोपाइँ पूरा भएको मधेस प्रदेशको कृषि निर्देशनालयले जनाएको छ ।

यस वर्ष ढिलो वर्षा भएको र धान रोपाइँ अपेक्षाकृत रुपमा नभएकाले उत्पादन २० प्रतिशतले घट्ने निर्देशनालयको अनुमान छ ।

'सिँचाइ तथा आकाशे पानीको अभावमा धनुषा, महोत्तरी, सिरहा, सप्तरी र रौतहटमा धान रोपाइँ गत वर्षको तुलनामा कम भएको थियो, अहिले पानी परेपछि फेरि बढेको छ,' निर्देशनालयका वरिष्ठ बागवानी अधिकृत प्रदीप यादवले भने। उनका अनुसार बारा र पर्सामा भने धान रोपाइँ शतप्रतिशत पुगेको छ । नारायणी सिँचाइ व्यवस्थापन कार्यालय (गण्डक) का सूचना अधिकारी सुरेश साहले बारा र पर्साका किसानलाई नहरबाट पानी उपलब्ध गराउन नियमित अनुगमन गरिरहेको बताए।

यसैबीच मधेसलाई सुक्खाग्रस्त क्षेत्र घोषण गरिएपछि यहाँका कृषि ज्ञान केन्द्रको कार्यालयबाट किसानलाई खेती प्रयोजनका लागि स्यालो ट्युवबेल वितरण प्रक्रिया सुरु गरेको छ । निर्देशनालयका अनुसार मधेस प्रदेशमा कूल तीन लाख ७२ हजार छ सय ४५ हेक्टर क्षेत्रफलमा धानखेती हुने गरेको छ।

## पानीको स्रोत चुरे तथा भावर क्षेत्रको स्थलगत अवलोकन

**खबर दर्पण समाचारदाता**
**साउन २३ गते, ढल्केवर**

धनुषाको मिथिला नगर पालिकाका नगरप्रमुख महेन्द्र महतोसहितको टोलीले शुक्रबार पानीको स्रोत चुरे तथा भावर क्षेत्रको स्थलगत अवलोकन गरेका छन् ।

चुरे र भावर क्षेत्रमा भएका खोला तथा मुहानबाट बगेर खेर

*बाँकी पृष्ठ ३ मा*



शिरीष अफसेट प्रेस

बर्दिबास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प



✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बरः ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# शनिवारीय साहित्य

## माइ के दुनिया



-शम्भु ठाकुर
मि न पा -९ बेङ्गाडावर

माइके दुनिया ओइ बच्चा स सुरु ।
आ बच्छे स खतम भजाइ है ॥
चोट हमरा लगै है, दर्द माइ के होइ है ।
हमरा माइर दै है थप्पर त आप्ने कनै है ॥
गेट पर पहुच ते हाथ हमर पकैर लै है।
बाबू के डाट स हमरा केहनो क बचालै है ॥
हमर हरेक टाइम के भुख के एहसास
माइ के रहै है।
हम कते खेबै से माइ के
पहिले स मालुम रहै है ॥
हमर हरेक कोर के खुसी देखै है ।
जब उ हमरा खिअबै है आउर हम खालै छिय॥
हमर पेट भरके सुकुन माइके चेहरा प रहै है ।
पिताइलो कैला नै रहौ
लेकिन हमरा भुखले नै छोरै है ॥
हम एगो खाइ छिय त हमरा दुगो खियबै है।
अपन भाग के रोटि बचाब नै सकै है ॥
इ सोइच क आइख हमर भैर जाइहै ।
जेकरा ल माइ नै है, उ माइ केना क बोले तै ?
माइ के कदर कर परै है ।
वृद्धा आसरम भेज के सोच नै परै है ॥
कैला कि माइ के दुनिया बच्चा स सुरु
आ बचेपर खतम भजाइ है।

## संघर्ष



**अरविन्द कुमार मण्डल**
श्री प्रसाद सिंह नमूना
माध्यमिक विद्यालय
औरही नैनिगौरी -०२,
महोत्तरी

चोट सहेर पनि हाँस,
अन्धकारमा पनि बल।
सूर्य झै बल्न त सक,
अन्धकार आफै टल्छ।
हीरा बन्न सजिलो छैन,
पहिला कोइला बन्नु पर्छ।
१००° को तापक्रममा पनि,
सुन झै पग्लिनु पर्छ।
विराट खेल्थे दबाबमा ,
जबाफ दिन्थे रनमा।
डिभिलियर्स उड्थें स्वतन्त्र,
रच्थे जीवन आफ्नै ढंगमा।
साहस गुम्दैन कहिल्यै,
आँधी जति नै किन नआओस्।
संघर्ष नै साथी हो,
जुन हरेक यात्रामा साथ निभाओस ।
अवरोधहरू शिक्षा हुन्,
हर बाधा पाठ बन्छन्।
सपना पूरा गर्नलाई,
आँशुको मूल्य तिर्नै पर्छ।
डरलाई जित्नेहरु नै,
इतिहास लेख्छन् जमीनमा।
काँडाबिच फुल्ने फूल,
बाच्दछ गौरवको बगैंचामा।
संसार बदल्न पहिले,
आफै बदलिनु पर्छ।
साँचो संघर्ष त्यही हो,
जहाँ मन जित्नु पर्छ।

## कलयुग



**राजु मण्डल**
**श्री प्रसाद सिंह नमूना माध्यमिक विद्यालय औरही नैनिगौरी -०२, महोत्तरी**

समय खराब छै लेकिन नै रखी
छि खराब सोच,
गलत संगतस दूर भागैला
कैली त पदगेलै घुत्नाम मोच।
यिहे कलयुग छै, भक्ति नै
करैला चाहैछै कोई रोज,
कामी, क्रोधी, लालची
सब कहैछै भगवानके खोज।
स्वार्थ भावस आजकाल,
सब पुजैछै भगवान के,
भक्तिके व्यापार बनाक
आजकाल सब किनैछै भगवान के।
नै लगैछै तनिको लाज, यी बेशरम इन्सान के,
कनैछँथिन भगवान देखके इंशानियत यि इन्सान के।
पुण्यस जाँदा लोकसब करैछै पाप,
बच्चा होके कहैछै बरबुजुर्गके हम छियौ तोहार बाप।
जनमदेके पचताईछै , अपन जन्मदाता,
हर्षित रहल्खिन पेहले, आब दुःखी छथिन अप्पन धर्ती माता।
बहुत निक हावा चलैछै आई यी सहर में,
अस्लान करैला चाहिँ छै सब लोभलालचक नहर में।
सच्चाई बतैला पर लगै छै सबके झुट,
देखक अप्पने पर्छाई, ओक्रे सम्झी छै भुत।
वित रहल्छै अन्धकारमें सबक जीवन,
कहलास अपनाआपके कोई नै होइछै निमन।
कहै छि हम त, कोई नै देरहल छै बातके ध्यान,
बनाक गुरु अज्ञानीके, लेरहल छै सब ज्ञान।

## संघर्षको उज्यालो



**जगदीप साह कलवार**
**श्री प्रसाद सिंह नमूना माध्यमिक विद्यालय औरही नैनिगौरी -०२, महोत्तरी**

वि.सं. २०६२, फागुनको एक रात,
मेरो आगमन भयो, श्वासमा लुकेको बाँध।
सानैदेखि आँधीजस्तै आयो जीवनको कथा,
पीडाले लेख्यो बालपन, आँसुले रंग्यो व्यथा।
मौतको काखबाट फेरि-फेरि फर्किएको छु,
छातीभित्रको साहसले बाँचेको छु, टुटेको छु।
घरभित्रको झगडाको आगोमा हुर्कें,
मौनताले साथ दियो, म मौनै बर्खें।
सपना थिए अनगिन्ती, फूल बनेनन् काँडामा,
इच्छाको बोट मर्दै गयो, बाँचें केवल खाँडामा।
किताबसँग रमाउँथें, तर पढ्नलाई समय पाइनँ,
छोटो बाटो हिँड्न खोज्दा काँडाहरूसँगै रमाइनँ।
सानैमा बुझें जीवन खेल हो कठोर,
मुस्कानभित्र लुकेको छ, घाउको गहिरो छोर।
परिपक्वता बोकें बालपनमै, बुझें जीवनको चाल,
बिना आवाज चिच्याएँ, सपनाहरूको माल।
तर आज पनि टाँसिएको छ मनमा उज्यालो,
कष्टका बीच बाँच्नु नै छ, त्यो नै प्यारो गाथा, हलो।
छायाँसँग हिँड्दैछु, तर आशाको रङ हराएको छैन,
संघर्ष नै हो जीवन मेरो, समर्पण कहिल्यै कम भएको छैन।

## झर्झरी साउन



**मञ्जु मञ्जुभाषिणी**
बर्दिवास,महोत्तरी

छोप्नु हो उष्णता गृष्मको शानको
गर्नु हो मान वर्षातको यामको
साधनामा यहाँ प्रीत यो लाउन
मास हो खास यो झर्झरी साउन ॥
एकता भावमा चित्त यो होस् रत
गर्नलाई मिली शारदी स्वागत
साथको हर्षले प्रेम गीत गाउन
मास हो खास यो झर्झरी साउन ॥
भक्तिमा लीनता राख्न यो याममा
भक्त छन् शक्त छन् ध्यानमा धाममा
पान्थमा भक्तिको भावना लाउन
मास हो खास यो झर्झरी साउन ॥
पौरखी हात छन् कर्ममा रम्दछन्
साँझ होस् वा दिवा हर्षले खट्दछन्
लक्ष्यमा हर्षको मार्ग देखाउन
मास हो खास यो झर्झरी साउन ॥
विश्वका माझमा लम्किई लम्किई
काव्यमा गर्वका साथमा रत्तिई
स्वर्ण यी शब्दमा नाम लेखाउन
मास हो खास यो झर्झरी साउन ॥

## राखी कच्चा धागा



**शम्भु ठाकुर**
**मि न पा -९ बेङ्गाडावर**

राखी कच्चा धागा स बनल मजबूत तार है।
राखी प्रेम आ मधुर बदमाशी के प्रतियोगिता है ॥
राखी भाई के दीर्घायु के प्रार्थना है ।
राखी बहिनके प्रेमक पवित्र धुँआ है ॥
राखी भाई स बहिन तक के रक्षा के वचन है ।
राखी लोहासँ बेसी मजगूत सूत है ॥
राखी जातिवाद आ भेदभाव स दूर है ।
राखी उ इजोत है जे एकता के पाठ सिखाबै है ॥
राखी बचपन के याद के संग्रह है।
राखी हर घर में सुख के वरदान है॥
राखी रिश्ता में मिठास के भाव है।
राखी भाई बहिन के बीच के आपसी विश्वास है॥
राखी हृदयक शान्ति आ मधुर भाव है ।
शब्द के बात नै शुद्ध हृदय के बात है॥

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# पानीको स्रोत चुरे तथा भावर क्षेत्रको ..............

गइरहेका पानीलाई सिँचाइ तथा खानेपानीका लागि प्रयोग ल्याउन उहाँहरुले स्थलगत अवलोकन गरेका हुन् ।

नगर प्रमुख महतोले भूमिगत पानीको दोहन कम गर्न र चुरे क्षेत्रबाट बगेर खेर गइरहेको पानीलाई सदुपयोगमा ल्याउन औरही खोलाको मुहानको स्थलगत अवलोकन गरिएको बताउनुभयो । उहाँले खेर गइरहेको पानीलाई सिँचाइ र खानेपानीका लागि प्रयोगमा ल्याउन सकिने सम्भावना रहेको जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "औरही खोलामा प्रशस्त पानी छ। उक्त पानी बगेर त्यसै खेर गइरहेको छ। यदि औरही खोलाको पानी पाँच सय मिटर पश्चिममा रहेको खहरे खोला बसहीमा झार्न सकियो भने सिँचाइका लागि पानीको उपलब्धता बढ्छ । त्यस्तै, औरही खोलामा ठाउँ ठाउँमा ड्याम निर्माण गरेर खानेपानीका लागि पानी प्रयोगमा ल्याउन सकिन्छ ।"

उहाँले अध्ययनका लागि प्राविधिक र विज्ञ टोली पठाउने बताउनुभयो ।

नगर प्रमुख महतोले मिथिला नगरपालिका भएर बग्ने औरही नदीलगायतका नदीनालामा तटबन्ध निर्माण गरेर वर्षाको पानी चुरे क्षेत्रमै रोक्न सकियो भने बटेश्वर, छिरेश्वर, लक्ष्मीनियाँ र जनकपुर धामलगायत तल्लो तटीय क्षेत्रको धेरैजसो स्थानको भूमिगत जलस्तर बढ्ने जानकारी दिनुभयो । उहाँले यसका लागि तल्लो क्षेत्रका स्थानीय तहले पनि आर्थिक लगानी लगाउनुपर्ने उहाँका भनाइ छ ।

उहाँले भन्नुभयो, "चुरे विद्हरुका अनुसार चुरेको पानी चुरे क्षेत्रमा रोक्न सकियो भने जमिनमुनि पानीको पुनर्भरण हुन्छ। त्यसले तल्लो क्षेत्रमा भूजलको सतह माथि आउँछ र अहिले देखिएको पानीको सङ्कट समाधान हुन्छ ।"

प्राविधिक रामविरोध महतोका अनुसार चुरे तथा भावर क्षेत्रका खोलामा पानी रोक्न सकिने संरचना निर्माण गर्न सके जमिनमुनि पानीको भण्डारण बढ्छ। जसले गर्दा चापाकल र इनार सुक्ने समस्या दीर्घकालीन रूपमा समाधान गर्न मद्दत पुर्‍याउँछ । औरही खोलामा यसअघि पनि यस्तो सम्भावनाको अध्ययन भएको उहाँले बताउनुभयो ।

प्राविधिक महतोले अव्यवस्थित सहरीकरण र वन फँडानीका कारण जमिनले पर्याप्त मात्रामा वर्षाको पानी सोसेर राख्न नसक्नुका कारण भूमिगत पानीको सतह तल हुँदै गएको बताउनुभयो। तराईका जिल्लामा पहिलाभन्दा दोब्बर तेब्बर गहिराइमा पाइप गाड्दा मात्रै चापाकलमा पानी आउने गरेको छ। त्यसैले तीनै तहका सरकार समयमै यसप्रति आवश्यक कदम चालेन भने भविष्यमा तराईमा पानीको चरम अभाव हुने उहाँको भनाइ छ।

तराईका निम्ति चुरे क्षेत्र जल भण्डार भएको बताउँदै उहाँले चुरे भएर बग्ने नदीनालामा तटबन्ध निर्माण गरेर वर्षाको पानी चुरे क्षेत्रमै रोक्न सके ढल्केबरदेखि तल्लो तटीय क्षेत्रको धेरैजसो स्थानको भूमिगत जलस्तर बढ्ने जानकारी दिनुभयो ।

# नगरप्रमुख साहविरुद्ध भ्रष्टाचार मुद्दा दायर




**खबर दर्पण समाचारदाता**

**साउन २३ गते, बर्दिवास**

सिरहाको कल्याणपुर नगर पालिकाका नगरप्रमुख राम पुकार साहविरुद्ध एक लाख रुपियाँ भ्रष्टाचार मुद्दा दायर भएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता राजेन्द्र कुमार पौडेलका अनुसार कल्याणपुर नगरपालिका वडा नं. ६ स्थित नाला निर्माण योजनाको कार्य सम्पन्न भई भुक्तानी गर्ने क्रममा सेवाग्राहीसँग विचौलियामार्फत घुस लिएको पुष्टि भएको छ । आयोगका अनुसार सेवाग्राहीबाट साहलाई एक लाख रुपियाँ घुस लिएको अवस्थामा उक्त र कमसहित नियन्त्रणमा लिइएको थियो ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो र कम एक लाख रुपियाँ कायम गरी जरिवाना सजाय हुन मागदाबी लिई शुक्रबार विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर भएको आयोगले जनाएको छ ।


## भु संरक्षण गरौं ।

**भू-संरक्षणका उपायहरू:**

- ❖गोरेटो बाटो बनाउँदा सिढी बनाऔं,
- ❖खेती गर्दा गहरा बनाइ गरौं,
- ❖भूक्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटविरुवा रोपौं,
- ❖बिना अनुमति गिट्टि, बालुवा, माटो, ढुङ्गा उत्खनन नगरौं,
- ❖सकेसम्म माटोमा रासायनिक मलको प्रयोग नगरौं,
- ❖पानी संरक्षणका उपायहरू अपनाऔं,
- ❖स्थानीय जैविक खेती, कृषि वन विधि अपनाऔं ।

**"माटो बचाऔं, भविष्य जोगाऔं।"**

भंगहा नगरपालिका, महोत्तरी

## युवा सशक्तिकरण गरौं ।

**युवा सशक्तिकरण किन:**

- ❖नेपाली युवालाई सवल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन,
- ❖राज्यका हरेक अंङ्गमा सार्थक सहभागिता सुनिश्चित गर्न,
- ❖स्वस्थ, कर्मठ र उद्यमी युवाअधिकार सुनिश्चित गर्न,
- ❖कर्तव्य प्रति सचेत युवाजनशक्ति निर्माण गर्न,
- ❖समावेशी र सशक्त युवा नेतृत्वको विकास गर्न,
- ❖नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउन।

मिथिला नगरपालिका, धनुषा

## बाढी र पहिरोबाट सचेत होऔं ।

**बाढी र पहिरो आउनुअघि:**

- ❖स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लिऔं,
- ❖खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔं,
- ❖घरको नजिक पहिरो खस्न सक्ने ठाउँ भए सावधानी अपनाऔं,
- ❖आपतकालीन झोला (प्राथमिक उपचार सामग्री, टर्चलाइट, खानेकुरा, लुगाफाटालगायत) तयार राखौं,
- ❖जोखिममा परेका बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकता दिऔं ।

**बाढी र पहिरो आएमा:**

- ❖अनावश्यक हिडडुल नगरौं,
- ❖सुरक्षित स्थानतर्फ जाऔं,
- ❖विजुलीका लाइन वा पोलहरूबाट टाढा रहौं,
- ❖खोलानाला सुरक्षित तवरले पार गरौं,
- ❖अफवाह नफैलाऔं, सत्य सूचना मात्र आदान–प्रदान गरौं,
- ❖घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं ।

मटिहानी नगरपालिका, महोत्तरी

## चट्याङबाट बच्न निम्न उपाय अपनाऔं ।

**घरबाहिर हुंदा**

- ❖आकाशमा बिजुली चम्किदा, गड्याङगुडुङ्ग हुंदा घरभित्र जाऔं,
- ❖नजिकै घर नभए ओतमा बसौं,
- ❖रुख वा बिजुलीको पोलमुनि नबसौं,
- ❖छाता नओढौं,
- ❖खेतबारीमा काम नगरौं,
- ❖कुनै ओत नभए दुबै हातलाई टाउकोमाथि राखी निहुरिएर कुर्कुच्चा जोडी थुचुक्क बसौं,
- ❖ भूँइमा लम्पसार परेर नसुतौं।

**घरभित्र हुंदा**

- ❖टिभी र कम्प्युटरजस्ता विजुलीबाट चल्ने उपकरण नचलाऔं, विजुलीका स्वीच अफ गरौं,
- ❖त्यस्ता उपकरण विजुलीको प्लगबाट छुटाऔं,
- ❖तारवाला फोन प्रयोग नगरौं, मोवाइल स्वीच अफ गरौं,
- ❖नुहाउने, लुगा धुने वा भाँडा माझ्ने काम नगरौं,
- ❖झ्याल, भ्याङ, बरन्डालगायतका ग्रिल र बार नछोऔं,
- ❖ भित्ता वा झ्यालमा अडेस लागेर नबसौं ।

औरही नगरपालिका, महोत्तरी

## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

**Hot line number**
९८५४०२१३९५, ९७४८४५७४९०

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**मधेस प्रदेश मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३ईको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

# जनकपुरधाम उपमहानगरद्वारा लम्पी स्किन रोगविरुद्धको खोप अभियानलाई दिइयो तीव्रता



**खबर दर्पण समाचारदाता**

**साउन २३ गते, जनकपुरधाम**

जनकपुरधाम उपमहानगर पालिकाले लम्पी स्किन रोगको रोकथामका लागि नगर क्षेत्रमा खोप अभियानलाई तीव्रता दिएको छ। उपमहानगरले खोप अभियान अन्तर्गत १३ सयभन्दा बढी पशुमा खोप लगाइ सकिएको छ। साउन ८ गतेदेखि सुरु गरिएको खोप तथा उपचार कार्यक्रम हालसम्म अधिकांश वडाहरूमा सम्पन्न भइसकेको छ भने केही वडाहरूमा अझै पनि निरन्तर जारी रहने जनकपुरधाम उपमहानगरका नगरप्रमुख मनोजकुमार साहले जानकारी दिए ।

उनले नगरभित्र रहेका पशुपालकहरूलाई लक्षित गर्दै सञ्चालन गरिएको यो अभियान अन्तर्गत लम्पी स्किन रोग विरुद्धको खोप निःशुल्क प्रदान गरिएको उनले बताए । साथै, प्रभावित क्षेत्रहरूमा पशुहरूको नियमित स्वास्थ्य परीक्षण, उपचार, निगरानी तथा जानकारी सम्बन्धी सेवा पनि दिइँदै आएको छ ।

उपमहानगरपालिकाले पशुधनीहरूलाई समयमै खोप लगाउन, सतर्क रहन र आवश्यक परेमा पशु सेवा शाखासँग सम्पर्क गर्न आग्रह गरेको छ । जनस्वास्थ्य तथा पशु स्वास्थ्यमा गम्भीर असर पार्न सक्ने लम्पी स्किन रोग नियन्त्रणमा यस अभियानले सकारात्मक प्रभाव पार्ने विश्वास लिइएको छ ।

# बर्दिवासमा व्यवसाय नवीकरणमा ७५ प्रतिशत जरिवाना छुट

**खबर दर्पण समाचारदाता**

**साउन २३ गते, बर्दिवास**

महोत्तरीको बर्दिवास नगर पालिकाले आफ्नो क्षेत्रमा दर्ता भएका व्यवसायीहरूको व्यवसाय नवीकरणमा लाग्ने जरिवानामा ठूलो छुट दिने निर्णय गरेको छ।

नगरपालिकाको आर्थिक ऐन २०८२ का अनुसार, व्यवसाय नवीकरणमा अब ७५ प्रतिशत जरिवाना छुट प्रदान गरिने भएको हो।

नगरपालिकाको राजस्व प्रशासन शाखाले जारी गरेको सूचनाअनुसार, विगतका वर्षहरुमा विभिन्न कारणले व्यवसाय नवीकरण गर्न छुटेका व्यवसायीहरूले यस वर्षको असोज महिनाको अन्त्यसम्ममा नवीकरण गरेमा जरिवानामा ७५ प्रतिशत छुट पाउनेछन्।

यो निर्णयले व्यवसायीहरूलाई व्यवसाय नवीकरण गर्न उत्प्रेरणा दिने र नगरपालिकाको राजस्व संकलनमा सुधार ल्याउने अपेक्षा गरिएको छ। व्यवसायीहरूलाई उचित समयभित्र नवीकरण प्रक्रिया पूरा गर्न नगरपालिकाले अनुरोध गरेको छ।

बर्दिवास नगरपालिका राजस्व प्रशासन शाखाले भनेको छ, "यस छुटको लाभ लिन व्यवसायीहरूले छिटो भन्दा छिटो आफ्नो व्यवसाय नवीकरण गराउनुपर्नेछ, ताकि कर तथा जरिवानामा राहत पाउन सकून्।"

बर्दिवास क्षेत्रका व्यवसायीहरूले यो अवसरको सदुपयोग गरी व्यवसाय नवीकरण गराउनुपर्नेमा जोर दिइएको छ।

# जनकपुरधाममा ग्यास व्यवसायी संघको कार्यालयको भवन शिलान्यास

**खबर दर्पण समाचारदाता**

**साउन २३ गते, जनकपुरधाम**

जनकपुरधाममा ग्यास व्यवसायी संघ धनुषाको कार्यालयको भवन निर्माण कार्य सुरु गरिएको छ । भवनको शिलान्यास जनकपुरधाम उपमहानगरपालिका नगरप्रमुख मनोजकुमार साह र ग्यास व्यवसायी संघ धनुषाका अध्यक्ष फुलदेव पण्डितले संयुक्त रूपमा गरेका हुन् ।

नगरप्रमुख साहले ग्यास दैनिक उपभोग्य वस्तु भएकाले यससँग सम्बन्धित संस्थाको कार्यालय स्थापना हुनु उपमहानगर र जनकपुरवासीहरूका लागि सुखद विषय भएको बताए। साथै, उनले यो भवन निर्माणपछि सेवा प्रवाहमा थप सहजता आउने विश्वास पनि व्यक्त गरे ।

ग्यास व्यवसायी संघ धनुषाका अध्यक्ष पण्डितले झन्डै ४५ लाख रुपैयाँको लागतमा बन्न लागेको उक्त भवन ग्यास व्यवसायी तथा उपभोक्ताहरूको हकहितमा प्रयोग गरिने जानकारी दिए । उनले भवनमा मिटिङ हलसहित आवश्यक कार्यालय कोठाहरू निर्माण गरिने पनि स्पष्ट पारे ।

जनकपुरधाममा ग्यास व्यवसायीको संगठनात्मक संरचना मजबुत बनाउन र सेवाहरू व्यवस्थित ढंगले उपलब्ध गराउन यो भवन निर्माणले महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ ।

# १० रुपैयाँ दिएर ११ वर्षीया बालिकामाथि बलात्कार

**खबर दर्पण समाचारदाता**

**साउन २३ गते, बर्दिवास**

पर्सा जिल्लामा ११ वर्षीया बालिकामाथि जबरजस्ती करणी अभियोगमा एक जना पक्राउ परेका छन्।

बाख्रा चराउन गएकी ११ वर्षीया बालिकालाई १० रुपैयाँ दिएर ललाइफकाइ गरी बलात्कार गरेको आरोपमा पर्सा ठोरी गाउँपालिका-२ तीनघरे बस्ने ४६ वर्षीय अशोक साह पक्राउ परेका हुन् ।

जिल्ला प्रहरी कार्यालयका अनुसार गत साउन २१ गते आरोपित साहले ठोरीको जङ्गलमा बलात्कार गरेको जाहेरी आएको थियो, सोही आधारमा उनलाई पक्राउ गरिएको हो ।

साहलाई ठोरी गाउँपालिका वडा नम्बर २ कै घरबाट पक्राउ गरी अनुसन्धान थालेको प्रहरीले जनाएको छ।

पर्सा प्रहरी प्रवक्ता किशोर लम्सालका अनुसार उनलाई जिल्ला अदालत पर्साबाट तीन दिनको म्याद थप अनुमति लिई अनुसन्धान भइरहेको छ।


## युवा सशक्तिकरण गरौं ।

**युवा सशक्तिकरण किनः**

- नेपाली युवालाई सवल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन,
- राज्यका हरेक अंङ्गमा सार्थक सहभागिता सुनिश्चित गर्न,
- स्वस्थ, कर्मठ र उद्यमी युवाअधिकार सुनिश्चित गर्न,
- कर्तव्य प्रति सचेत युवाजनशक्ति निर्माण गर्न,
- समावेशी र सशक्त युवा नेतृत्वको विकास गर्न,
- नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउन।

रामगोपालपुर नगरपालिका

**महोत्तरी**

## बाढी बारे चासो राखौं, चनाखो बनौं

**बाढी र डुबान हुनुपूर्वको तयारी यसरी गरौं:**

- बर्षायाममा सधैं मोबाईलमा पर्याप्त ब्यालेन्स र ब्याट्री राखौं ।
- बर्षा र बाढीको अवस्थाबारे टोल फ्री नम्बर ११५५ वा रेडियो-टिभीबाट नियमित जानकारी लिने गरौं ।
- प्रहरी, सुरक्षा निकाय र एम्बुलेन्सको नम्बर मोबाईलमा सेभ गरेर राखौं, सकिन्छ भने कण्ठ पारौं ।
- आफ्नो गाउँ-ठाउँ र वडामा सबै मिलेर रबरका डुङ्गा, लाईफ ज्याकेट, डोरी, बाँस र प्राथमिक उपचारका सामाग्रीहरुको जोहो गरेर सुरक्षित राखौं ।
- आपत-विपतका लागि अन्न, दाल, नून, तेल र साबुनजस्ता अत्यावश्यक सामग्री घरको सबैभन्दा अग्लो ठाउँमा राखौं ।
- फिटकिरी वा पानी सफा गर्ने औषधी घरभित्र अग्लो ठाउँमा झुण्डयाई राखौं ।
- नागरिकता, लालपुर्जा, लाईसेन्स, पासपोर्टजस्ता महत्वपूर्ण कागजपत्र, नगद, गरगहना र औषधीजस्ता महत्वपूर्ण सामान प्लाष्टिकले राम्ररी पोको पारेर घरको अग्लो ठाउँमा राखौं ।
- घरबाट नजिक रहेको सबैभन्दा अग्लो ठाउँ, चौर, डिल, सार्वजनिक भवनबारे पहिल्यै थाहा पाईराखौं ।
- टर्च, डोरी, सिठ्ठी, लौरोजस्ता सामान सजिलै भेटिने ठाउँमा राखौं ।
- नदीमा बढेको पानी, ड्याम र तटबन्धको अवस्थाबारे बेला बेलामा जानकारी लिदै गरौं ।

विपदबारे चासो राखौं, चनाखो बनौं

गौशाला नगरपालिका, महोत्तरी

## मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् ।

"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!"

**यातायात व्यवस्था कार्यालय बर्दिवास, महोत्तरी**



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)

उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com

प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,